## भारत तर्फ गोलभेडा निर्यातमा अवरोधवाट श्रृजित समस्या सम्बन्धमा राष्ट्रिय किसान आयोगवाट माननीय कृषि भूमि ब्यवस्था तथा सहकारी मन्त्रीज्यू समक्ष प्रेशित सुझाव पत्र

**माननीय मन्त्रीज्यू,**

विगत दुई दशकयता सरकारी तथा कृषि विकास सम्बद्ध अन्य संस्थाहरुको प्रयासबाट धनकुटा, तेह्रथुम, संखुवासभा, भोजपुर, पाँचथर, ईलाम र झापा जिल्लामा ब्यवसायिक रुपमा गोलभेडा, बन्दा, काउली, मुला, ईस्कुस, मटर कोशा आदि तरकारी उत्पादन गरी काकँरभिट्टा तथा जोगवनी नाकावाट भारत निर्यात हुदै आएको छ । विशेषत काकँरभिट्टा नाकावाट भारतको सिलगुढी लगायतका शहरहरुमा त्यस्ता तरकारीहरु बेमौसमी तरकारीको रुपमा निर्यात गरी कृषकहरुको मुख्य आय आर्जनको श्रोत बनेको थियो । हालका वर्षहरुमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा कृषि प्रसार कार्यक्रमहरुवाट प्राप्त सहयोगका कारण प्लाष्टिक घरहरुको निर्माण गरी व्यवसायीक गोलभेडा उत्पादनमा दिन प्रतिदिन बृद्धि हुदै गै रहेको अवस्था छ ।

विगतमा उल्लेखित तरकारीहरु भारत निर्यात गर्दा खासै समस्या नदेखिए पनि निर्यातकर्ता ब्यापारीहरुले वर्षको एक दुई पटक भारतीय प्रयोगशाला परीक्षण गरेका प्रतिवेदन आधारमा निर्यात हुने गरेको थियो । तर यस वर्षको असार दोश्रो सातावाट भारतीय क्वारेन्टाईन कार्यालयवाट नेपालवाट भारत आयात हुने तरकारीको सुचीमा ब्रासिकेसी फेमीली (मूला, काउली, बन्दा) मात्र उल्लेख भएकोले अन्य तरकारीहरु (गोलभेडा, ईस्कुस, मटर कोशा) उक्त सुचीमा नभएको भनी पूर्ण रुपमा प्रतिवन्ध आयातमा रोक लगाइएको छ । यसवाट त्यस क्षेत्रमा उत्पादित करोडौको गोलभेडा बजार नपाउने भएको छ साथै कतिपय जिल्लामा त किसानहरुले गोलभेडा सडकमा फाल्न शुरु गरि सकेका छन र आगामी दिनहरुमा मेची राजमार्गमा चक्काजाम गरी विरोध गर्ने कुरा पत्रपत्रिकामा सार्वजनिक भएका छन् । ईस्कुसको सिजन पनि शुरु हुन लागेकोले ईस्कुसमा पनि सोही समस्या थप हुने देखिएको छ । यसरी लाखौ किसानहरुको कृषि उपज विक्री नहुँदा किसानहरु त मारमा परी खेती ब्यवसायवाट पलायन हुने निश्चित नै छ यसका अलावा गोलभेडाको ब्यापार गर्ने ब्यवसायीहरुको समेत लाखौ घाटा भई ब्यवसायवाट पलायन हुनका साथै गोलभेडा बजारिकरणको मूल्य श्रृखंला नै तहसनहस हुने देखिएको छ ।

किसानहरुको यो दयनीय अवस्थालाई मध्यनजर गरि राष्ट्रिय किसान आयोगको गोलभेडा खेती गर्ने कृषक, ब्यापारी, सम्बन्धीत सरकारी अधिकारी लगायत सम्बद्ध पक्षहरुसँगको छलफलका आधारमा

तरकारी निर्यात तथा स्वदेशमा खपतका लागि देहाय अनुसारको सुझाव पेश गरेको छ । सरकारको तर्फवाट यस समस्याको गाम्भीर्यतालाई समयमा नै आत्मसात गरी समाधानका उपायहरु अवलम्बन नगरेमा कृषकहरुको आन्दोलन ब्यापक रुपमा चर्कन सक्ने संभावना रहेको व्यहोरा राष्ट्रिय किसान आयोगले पुर्व जानकारी गराउन चाहान्छ ।

## तत्काल उठाउनु पर्ने कदमहरु

- हाल भारतीय क्वारेन्टाईन कार्यालयहरुलाई तत्कालका लागि नेपाली गोलभेडा निर्वाध आयातका लागि नेपाल सरकार कषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, वाणिज्य मन्त्रालय र परराष्ट्र मन्त्रालयको कुटनितीक च्यानल मार्फत भारत सरकारसँग तत्काल आयात खुल्ला गरिदिन अविलम्ब कदम चाल्नुपर्ने ।
- नेपाल भित्र उक्त गोलभेडा खपतका लागी तत्काल वैकल्पिक उपयाहरु खोज्ने (जस्तै रिजाल टासी लगायत विभिन्न सस् उद्योगहरु मार्फत गोलभेडा खपत गराउन आवश्यक व्यवस्थापनको लागी पहल गर्ने)
- भारतले आयात खुल्ला नगरे उल्लेखित जिल्लामा प्लाटिक घरभित्र उत्पादन हुने र बाहिर उत्पादन हुने गोलभेडालाई प्रति केजी क्रमश रु १४ र रु ७ का दरले (बजार अनुसन्धान तथा तथ्याङ्क कार्यक्रमले गरेको उत्पादन लागत अनुसार) एकपटकका लागि क्षतिपुर्तिको ब्यवस्था गर्ने। यस कार्यका लागि आधा रकम सम्बन्धीत स्थानिय तहले बेहोर्ने व्यवस्था गर्ने।

## दीर्घकालिन समाधानको उपाय

- भारत सरकारसँग वार्ता गरी भारतको प्लान्ट क्वारेन्टाईन आदेश २००३ को अनुसची ७ मा नेपालबाट आयात हुने कृषि बस्तुको सुचीमा गोलभेडा, ईस्कुस र मटरकोशा लगायतलाई समावेश गर्न लगाउने ।
- नेपालको **National Plant Protection organization (NPPO)** र भारतको **National Plant Protection organization (NPPO)** संस्थाहरुलाई भारतको प्लान्ट क्वारेन्टाईन आदेश २००३ को अनुसुची ७ यथासक्य चाँडो अध्यावधिक गराउन जिम्मेवारी दिने । नेपालबाट भारतमा निर्वाध रुपमा गोलभेडा निर्यातका लागि प्राविधिक व्यवस्था मिलाउन तत्काल काम शुरु गर्ने ।

- नेपाली गोलभेडा भारतमा निर्यातका लागि संस्थागत र बैधानिक बाटो पहिल्याउन नसकिने देखिएमा किसानहरुलाई राष्ट्रिय मागको आधारमा मात्र उत्पादन गर्न किसानहरुलाई सरकारको तर्फबाट उत्पादन योजना बनाउन सहयोग गर्ने ।
- मुख्य मुख्य तरकारी, माछामासु, दुध आदि जस्ता दैनिक उपभोग्य वस्तुको मासिक माग तथा संभाव्य आपूर्तिको नियिमित प्रक्षेपणको सुचना संकलन तथा प्रचार प्रसारको व्यवस्था कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले गर्ने ।यसका लागि प्रत्येक स्थानीय तहका वडाहरुमा मुख्य-मुख्य कृषि वाली/वस्तु उत्पादनको तथ्याङ्क राख्ने र सुचना संकलनको व्यवस्था गर्ने।